नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. मिति २०७७-१२-१९ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम चुरेहिल अस्पताल, हेटौडा सिटी अस्पताल, हेटौडा अर्थोपेडिक जनरल अस्पताल र मकवानपुर सहकारी अस्पतालका मेडिकल अधिकृत, स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, अ.न.मी., अहेब लगायतका स्वास्थ्यकर्मीहरूलाई हेटौडा अस्पतालमा सञ्चालन गरिएको Fever Clinic मा खटाईएकोमा मिति २०७७-०२-२८ को नेपाल सरकार (मन्त्रिपरिषद्को) निर्णय अनुसार स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत) खुलेको हुँदा यसरी निजी अस्पतालबाट Fever Clinic मा खटाईएका स्वास्थ्यकर्मी लगायतका जनशक्तिलाई यथाशीघ्र हेटौडा अस्पतालले स-धन्यवाद फिर्ता पठाउने ।

२. श्री कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंबाट यस जिल्लाको लागि स्वास्थ्य कार्यालय, मकवानपुरमा प्राप्त स्वास्थ्य सामग्रीहरू स्वास्थ्य कार्यालय, मकवानपुरले Contact Tracing and Case Investigation, Point of Entry (POE), Quarantine, Health Facilities, COVID Clinics र Patient Transfer Team (PTT) हरूमा कार्यरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य सहयोगी कर्मचारीहरू समेतले प्रयोग गर्ने गरी स्थानीय आवश्यकता अनुरूप वितरण गर्ने र सो को खर्च र मौज्दातको प्रतिवेदन दैनिक रूपमा कोभिड-१९, संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंमा पठाउने ।

३. पुनर्निर्माण कार्यगर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणको लागि पालना गर्नुपर्ने मापदण्ड, २०७७ कार्यान्वयन गराउन सम्बन्धित निकायहरूमा आवश्यक सहजीकरणका लागि श्री गृह मन्त्रालय, विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको च.नं. २५६, मिति २०७७-०२-३२ को पत्रबाट लेखी आएको हुँदा मकवानपुर जिल्लाभित्र पुनर्निर्माण कार्यगर्दा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरणको लागि पालना गर्नुपर्ने मापदण्ड, २०७७ कार्यान्वयनका लागि श्री जिल्ला आयोजना कार्यान्वयन इकाई, अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार, हेटौडामा लेखी पठाउने ।

४. श्री कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंको प.सं. ०७६/७७/३६, मिति २०७७/०३/०१ को पत्रमार्फत प्राप्त कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र निर्देशक समितिको मिति २०७७/०२/३१ को बैठकको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

०७७।३।२
दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी